# शिखर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तल्कोट, डोटी

प.स. ०८०/०८१
च.नं. ५५९

सुदूरपश्चिम प्रदेश, नेपाल

मिति: २०८०।०८।२०

**राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि खेलाडीको विवरण पठाउने सम्बन्धमा ।**

श्री सम्पूर्ण माध्यमिक विद्यालयहरु,
शिखर नगरपालिका, तल्कोट, डोटी ।

प्रस्तुत विषयमा डोटी जिल्ला खेलकुद समितिको मिति २०८०।८।१५ गते च.नं. २७ को पत्रानुसार मिति २०८० पौष मसान्तभित्र **नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता** सम्पन्न गरी सोको विवरण माघ २ गते भित्र पेश गर्नुपर्ने भएकाले अर्को सूचनामा तोकीएको मितिमा प्रतियोगिता संचालन हुने गरी यस पालिका अन्तर्गतका सबै माध्यमिक विद्यालयहरुबाट सहभागी हुने खेलाडीहरुको विवरण **२०८०।८।२९ गते** भित्र निर्धारित ढाँचामा यस कार्यालयमा पठाउनहुन अनुरोध छ ।

हरिश्चन्द्र थापा
प्रमुख प्रशासकीय अधिकृत

**प्रतियोगिता सम्बन्धि अन्य जानकारीः**

१. प्रतियोगितामा समाबेश हुने खेलहरुको विवरण (**राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका सञ्चालन निर्देशिका २०७० को अनुसूची ४ बमोजिम**) यसै पत्रासाथ संलग्न गरिएको छ ।
२. सहभागी हुने खेलाडी/ विद्यार्थी चालु शै.स.मा कक्षा १२ सम्म नियमित रुपमा अध्यायनरत, १८ वर्ष उमेर ननाघेको र IEMIS मा अपलोड भएको हुनुपर्ने छ।
३. सहभागी हुने विद्यार्थीको विवरण अनुसूची १ बमोजिमको फाराममा भरी सो साथ जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र कक्षा ८ को अन्तिम परीक्षाको प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्ने छ । साथै सम्पूर्ण खेलका सहभागी विद्यार्थीहरुको समष्टिगत विवरण समेत तयार गरी **प्र.अ. ले अनिवार्य प्रमाणित** गरी पेश गर्नुपर्ने छ ।
४. अन्तराष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी भइसकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराईने छैन ।
५. प्रतियोगिता सहभागी खेलाडी/ विद्यार्थीले **एक खेल विद्या भलिवल वा कबड्डी वा एथलेटिक्स वा मासर्ल आर्टमा** मात्र सहभागी हुन पाउने छन ।
६. एथेलेटिक्स तर्फ सहभागी हुने खेलाडीले बढीमा **एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाकमा** भाग लिन पाउने छन।
७. भलिवल र कबड्डी खेलका लागि प्रति विद्यालयबाट **९/९** जना खेलाडी पठाउनुपर्ने छ । कबड्डी खेलका लागि खेलाडीको तौल **७०** कि.ग्रा. वा सो भन्दा कम हुनुपर्ने छ।
८. खेलाडीको खाना/खाजा,जर्सी/पोशाक र सुरक्षा लागायतका सम्पूर्ण जिम्मेवारी सम्बन्धित विद्यालय / विद्यार्थीको हुनेछ।
९. विद्यालयले खेलाडीको खेल अनुशासन कायम गर्नुपर्नेछ । अनुशासन विपरित कार्य गर्ने खेलाडी र विद्यालयलाई अनुशासन सम्बन्धि कारबाही गरिने छ ।
१०. सहभागि खेलाडीको पासपोर्ट साईजको एक प्रति फोटो र अभिभावकको सम्पर्क नं. अनिवार्य हुनुपर्ने ।
११. प्रतियोगितामा उत्कृष्ट खेलाडी तथा विद्यालयलाई **जिल्लास्तरको प्रतियोगिताका** लागि छनौट गरिने छ ।



Scanned with CamScanner

## अनुसूची - ४

(दफा ९ को उपदफा (४), दफा १२ को उपदफा (४) र दफा १४ को उपदफा (४) सँग सम्बन्धित)

## राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश गरिएका खेलहरूको विवरण

१. भलिबल :

छात्र:

छात्रा:

२. कबड्डी :

छात्र:

छात्रा:

३. एथ्लेटिक्स :

क. दौड (ट्र्याक) तर्फ:

छात्र: १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले ।

छात्रा: १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले ।

ख. उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फ:

छात्र: हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउन्ड ।

छात्रा : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम र सटफुट ८ पाउन्ड ।

४. मार्सल आर्ट तर्फ:

क. कराँते

छात्र: U '४२ केजी, U '४७ केजी, U '५२ केजी, काता एकल

छात्रा: U '४० केजी, U '४५ केजी, U '५० केजी, काता एकल

ख. तेक्वान्दो

छात्र : U '४५ केजी, U '४८ केजी, र U '५१ केजी

छात्रा : U '४२ केजी, U '४४ केजी, र U '४६ केजी



Scanned with CamScanner

## अनुसूची-१

(दफा ९ को उपदफा (१) र (६), दफा १२ को उपदफा (१), दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

## सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा

### प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारामको नमूना

१. सहभागी विद्यार्थीको नाम :

२. विद्यालयको नाम / ठेगाना :

३. अध्ययनरत कक्षा :

४. जन्म मिति :

५. सहभागी हुने खेल :

६. सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नाम : | नाम : | नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: |
| विद्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : |

खेलाडीको जन्म दर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।



Scanned with CamScanner